**संघीय संसद**
**प्रतिनिधि सभा**
**विकास तथा प्रविधि समिति**
**बैठक संख्या : ११५**

मितिः २०७७/१२/१३

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागका महानिर्देशक, आयोजना निर्देशनालय (ए. डी. बी.) का निर्देशक लगायत सम्वद्ध पदाधिकारीहरुको उपस्थितिमा नारायणगड-बुटवल सडकको हालसम्मको कार्य प्रगति र समस्याका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ पूर्व पश्चिम राजमार्ग नेपालको लाइफलाइन भएको र यस मार्गबाट ठूलो मात्रामा यात्रुहरु आवत जावत गर्ने भएको हुँदा यस खण्ड अन्तरगत पर्ने निर्माणाधीन नारायणगढ बुटवल सडक खण्ड आयोजनाको काम पूर्व तयारी विना अगाडि बढाइएको कारण आयोजना समयमा सम्पन्न हुन नसक्दा यात्रुहरुले अनावश्यक रुपमा सास्ती व्यहोर्नु परिरहेकोले गुणस्तरीय रुपमा तोकिएको समयमा आयोजना सम्पन्न हुने गरी कार्य अगाडि बढाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२ नेपालमा सञ्चालन हुने गरेका कतिपय सडक आयोजना तथा अन्य भौतिक पूर्वाधारका आयोजनाहरुको होर्डिङबोर्ड तथा त्यस्ता आयोजनाहरुको बारेमा लेखिएका डकुमेन्टहरुमा अंग्रेजी भाषा प्रयोग हुने गरेको पाइएको हुँदा आयोजनाका बारेमा लेखिएका कागजात ( Document) हरु आम नागरिकले स्पष्ट रुपमा बुझ्ने गरी नेपाली भाषामा पनि लेख्ने व्यवस्था गर्न/गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ नारायणगढ - बुटवल सडक खण्डको समितिका माननीय सदस्यहरुले निकट समयमा स्थलगत अध्ययन अवलोकन गर्ने र भ्रमण टोलीमा रहनुहुने माननीय सदस्यहरुको चयन सभापतिले गर्ने ।

४ पूर्वाधार विकास आयोजना तथा राष्ट्रिय गौरवका आयोजनाका सम्बन्धमा समितिमा विविध छलफल अनुसार नीतिगत रुपमा निष्कर्षमा पुग्न विकासका उपयुक्त मोडलका बारेमा योजना आयोग, पूर्वाधार विज्ञ र सम्बद्ध निकायहरुसँग समितिले निकट समयमा कार्यशाला गोष्ठी आयोजना गर्ने निर्णय भयो ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(मा. कल्याणीकुमारी खड्का)
सभापति